राजापुर नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
राजापुर, बर्दिया
**लुम्बिनी प्रदेश, नेपाल**

(९७७) ०८४-४६०१११
(९७७) ०८४-४६०१६७
C3HR+MQ Rajapur

# शिक्षक तथा विद्यालय कर्मचारीहरुको तलबभत्ता सम्बन्धित खातामै उपलब्ध गराइने सम्बन्धी अत्यन्त जरुरी सूचना !

सूचना नं. ४-२०८०/०८१ | प्रकाशित मिति २०८०/०४/१७ गते

प्रस्तुत विषयमा राजापुर नगरपालिका अन्तर्गतका माध्यमिक, आधारभुत र प्राथमिक तहका सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीको आर्थिक वर्ष २०८०/०८१ को श्रावण देखिको तलव भत्ता सम्बन्धित शिक्षक तथा विद्यालय कर्मचारी र सहजकर्ताको निजको बैंक खातामा पठाईने भएकाले आ-आफ्नो बैंकको नाम, खाता नं. र चेकको प्रतिलिपि स्पष्ट हुने गरी अनिवार्य रुपमा पठाउनु हुन र स्थायी शिक्षकको तलबी प्रतिवेदन र अस्थायी, राहत, करार शिक्षकको हकमा भर्ना छनौटको विज्ञापन सूचना, छनौट प्रक्रिया, कागजात र शैक्षिक प्रमाण एवं शिक्षण अनुमति पत्र (Teaching License), म्याद थप, विद्यालय व्यवस्थापन समितिको निर्णय, प्रधानाध्यापकको सिफारिस र कारबाहीमा नपरेको वा गयल कट्टी/विदा स्वीकृत भएको/नभएको समेतको कागजातहरु शिक्षा शाखा र आर्थिक प्रशासन शाखामा अनिवार्य रुपमा उपलब्ध गर्न/गराउन यो सूचना प्रकाशन गरिएको छ। कागजात र बैंक खाता विवरण नपुगेको हकमा तलब भत्ता निकाशा नहुने समेतको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

(महेन्द्र जंग शाही)
प्रमुख प्रशासकीय अधिकृत